# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

visit nepal 2020 Lifetime Experiences
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं :- 2296

टोखा नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मिति :- २०७७/११/०२

श्री वडा कार्यालयहरु (सबै)

विषय :- <u>आगामी आ.व. ०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा मिति २०७७/१०/२५ गते श्री श्रम, रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को पत्रअनुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को रोजगारीको हक सम्बन्धी नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यकम सञ्चालन निर्देशिका (पहिलो संशोधन, २०७७ सहित) बमोजीम आ.व. ०७८/७९ मा रोजगार सेवाकेन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार व्यक्तिले **२०७७ फागुन महिनामा**को मसान्त सम्ममा आफूले स्थायी वसोबास गरेको स्थानीयतहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार ब्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । उक्त सूचना टासँ एंव प्रचार प्रसार गरिदिनहुन अनुरोध गरिन्छ ।

<u>तपशिल :</u>

(क) न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार ब्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागी दिने निवेदन (प्रधानमन्त्री रोजगार कार्यकम सञ्चालन निर्देशिका , २०७५ को अनुसूची १ संशोधित बमोजिम) यसै साथ संलग्न बमोजिम ढाँचा प्रयोग गर्ने । (संशोधित अनुसूची १ <u>http://www.pmep.gov.np/publication/karyaviddhi</u> र <u>http://www.tokhamun.gov.np/en</u> मा यसै पत्रसाथ संलग्न उपलब्ध छ ।

(ख) यस कार्यक्रम अन्तरगत सन्चालन हुने न्यूनतम रोजगारले लक्षित वर्ग गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको भएकाले न्यूनतम रोजगारमा आबद्ध गर्ने बेरोजगार व्यक्तिहरुको वैयक्तिक तथा पारिवारिक विवरणहरु संकलन गर्दा निवेदन ढाँचा अनुसार यथार्थपरक र पूर्ण विवरणहरु संकलन गर्नुपर्ने ।

(ग) निवेदक स्थानिय हुनु पर्ने र निवेदनका लागि पेश गर्नु पर्ने कागजातहरु :



Scanned with CamScanner

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं :- 2296

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

१) १ प्रति पासपोड साईजको फोटो

२) १ प्रति नागरिकताको प्रतिलिपि

(घ) आ.व. ०७७/७८ का लागि निवेदन दिएका व्यक्तिहरुल आ.व. ०७८/७९ का लागि फेरी निवेदन वुझाउनु पर्ने

१९/२

वासुदेव भेटवाल

नि.प्रमुख प्रशासकीय अधिकृत

रोजगार संयोजक (बिनोद सापकोटाको फोन नं. ९८४९५१७७६९)



Scanned with CamScanner

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np


प.सं. २०७७/७८
च.नं./PMEP/ २५८

मिति : २०७७/१०/२५

**श्री गाउँपालिका/नगरपालिका, सबै।**

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : आगामी आ.ब.०७८/७९ का लागि बेरोजगार ब्यक्ति सूचीकरण सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिनुपर्ने व्यवस्था अवगत नै छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ ।सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागि आवश्यक तयारी कार्य गर्नु हुन मिति २०७७/१०/२२ को निर्णयानुसार (मा.मन्त्रीस्तर) अनुरोध छ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा तपशिलको व्यवस्था तर्फ ध्यानाकर्षण हुन र बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित)को अनुसूची - १ वा https://pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ।

**तपशिल:-**

(क)यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(ख)न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित वर्ग गरिब तथा समान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले वैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण संकलन गर्नुपर्ने ।

(ग) न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमूलक सेवा सुविधा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(घ) गरिबी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तीनै तहका सरकारको सामूहिक जिम्मेवारी रहेको ।

(ङ) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शि बनाउन रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेकोले स्थानीय तहबाट भए गरेका रोजगारी व्यवस्थापनसंग सम्बन्धित विवरण EMIS मा नियमित र अनिवार्यरुपमा गर्ने व्यवस्था हुन ।

(किसान न्यौपाने)
शाखा अधिकृत